# पोलियोमाइलिटिस (Poliomyelitis)

(Poliomyelitis - Nepali Version)

## कारक तत्व

यो पोलियोभाइरसको कारणले हुन्छ । जंगली पोलियोभाइरस (प्रकार 1, प्रकार 2, र प्रकार 3) का 3 प्रकारहरू मध्ये, जंगली पोलियोभाइरस प्रकार 2 को पछिल्लो केस 1999 मा रिपोर्ट गरिएको थियो र जंगली पोलियोभाइरस प्रकार 3 को केस पछिल्लो पटक नोभेम्बर 2012 नाइजेरियामा रिपोर्ट भएपछि कुनै केसहरू पाइएको छैन । यद्यपि, जंगली पोलियो भाइरस प्रकार 1 को केसहरू अझै पनि थोरै देशहरूमा देखा पर्दछ ।

## क्लिनिकल लक्षणहरू

यस रोगले मुख्यतया साना बच्चाहरूलाई असर गर्दछ । यसले ज्वारो आउने, टाउको दुख्ने, बान्ता हुने, पेटमा समस्या हुने, मांशपेशी दुख्ने, घाँटी र ढाडमा कडापन हुने, र प्यारालाइसिस गराउन सक्छ । धेरै जसो बिरामीहरू निको हुनेछन्, तर गम्भीर अवस्थाहरूमा, यसले पूर्ण रूपमा असक्षमता र मृत्यु समेत निम्त्याउन सक्छ ।

## सर्ने माध्यम

यो रोग धेरै नै  सङ्क्रामक हुन्छ । यो व्यक्ति–बाट–व्यक्तिमा, मुख्यत मलमूत्र वा मुखको मार्गबाट फैलिन्छ । भाइरस मुखको मार्गबाट शरीरमा प्रवेश गर्दछ र अन्त्यमा केन्द्रिय स्नायु प्रणालीमा आक्रमण गर्दछ ।

## उष्मायन (Incubation) अवधि

यो सामान्यतया 7 देखि 10 दिनसम्म हुन्छ, र यसको सिमा 4 देखि 35 दिनसम्म हुन्छ ।

## व्यवस्थापन

संका लागेका सङ्क्रमित व्यक्तिहरूलाई थप व्यवस्था मिलाउन र अलगै राख्नको लागि अस्पतालमा रेफर गर्नुपर्छ । हाल, रोगको कुनै उपचारात्मक उपचार छैन ।

बिरामीहरूको दिसामा भाइरस हुन सक्ने भएकोले, हेरचाहकर्ताहरूले बिरामीहरूको हेरचाह गर्दा सरसफाइ अभ्यासमा थप साबधानी अपनाउनु पर्छ ।

## रोकथाम

खोप लगाउनु रोगको रोकथामको लागि सबैभन्दा प्रभावकारी उपाय हो । पोलियो खोपका दुई प्रकार छन्ः मुखबाट लिनु पर्ने ओरल पोलियो खोप ((Oral Polio Vaccine(OPV) र सुई मार्फत दिइने निष्क्रिय पोलियो खोप ((Inactivated Polio Vaccine)IPV) । OPV एक दुलर्भ जटिलतासँग सम्बन्धित रहेको मानिन्छ जसलाई खोप–सम्बन्धित प्यारालाइटिक पोलियोमाइलिटिस भनिन्छ, IPV

हङकङको बाल्य प्रतिरक्षण कार्यक्रम (Hong Kong Childhood Immunisation Programme) मा 2007 देखि प्रयोग भइरहेको छ । हङकङमा अब OPV को प्रयोग गरिदैन ।

5 मे 2014 मा, विश्व स्वास्थ्य सङ्गठन (WHO) का महा–निर्देशकले पोलियो भाइरसको अन्तर्राष्ट्रिय प्रसारलाई अन्तर्राष्ट्रिय स्वास्थ्य नियमावली (2005) अन्तर्गत अन्तर्राष्ट्रिय चिन्ताको विषयको सार्वजनिक स्वास्थ्य आपतकाल घोषित गर्नुभएको थियो र पोलियोभाइरसको अन्तर्राष्ट्रिय प्रसार कम गर्नको लागि अस्थायी सिफारिसहरू जारी गर्नुभएको थियो । WHO को पछिल्लो अस्थायी सिफारिसहरू र पोलियोभाइरसको प्रभावित देशहरू/राज्यहरू को अद्यावधिक गरिएको सूचिको जानकारी निम्न वेबसाइटमा उपलब्ध छः

http://polioeradication.org/polio-today/polio-now/public-health-emergency-status.

WHO ले यो सिफारिस गर्दछ कि पोलियो–प्रभावित क्षेत्रहरू (अर्थात् त्यस्ता क्षेत्रहरू जहाँ जंगली वा खोपबाट उत्पन्न पोलियोभाइरस (VDPV) को सक्रिय प्रसारण छ) मा यात्रा गर्नु अघि, पोलियो–मुक्त देशहरूका यात्रीहरूले उनीहरूको सम्बन्धित राष्ट्रिय प्रतिरक्षण तालिका अनुसार, उमेर–अनुरुपको पोलियो खोप एकपछि अर्को गरि पूरा लगाएको छ भनी सुनिश्चित गर्नुपर्दछ । पहिले कुनै पनि पोलियो खोप नलगाएका यात्रीहरू पोलियो–प्रभावित क्षेत्रहरूमा जाँदा उनीहरूले प्रस्थान गर्नु अघि पोलियो खोपको प्राथमिक तालिका पूरा गर्नुपर्नेछ ।

यात्रीहरूलाई निम्न कुराहरूको पनि सल्लाह दिइन्छः

- राम्रो व्यक्तिगत र खाद्य स्वच्छता कायम राख्नुहोस्
- खाना खानु अघि वा खाना चलाउनु अघि, र ट्वाइलेट गएर आएपछि सधैँ हात धुनुहोस्
- कुनै पनि सम्भावित दुषित खाना वा पेय पदार्थको जोखिमबाट बच्नुहोस्

WHO को सिफारिसहरू अनुसार, जंगली पोलियोभाइरसले सङ्क्रमित देशहरू वा अन्तर्राष्ट्रिय प्रसारको सम्भावित जोखिमको साथ VDPV (cVDPV) संचार हुने देशहरूले सबै उमेरका सम्पूर्ण बासिन्दाहरू र लामो–समय सम्म रहने पर्यटकहरू (अर्थात. > चार हप्ता) लाई चार हप्ता देखि 12 महिना अघि अन्तर्राष्ट्रिय यात्रा भन्दा पहिले पोलियो खोपको एक डोज प्राप्त गर्न सुनिश्चित/प्रोत्साहित गर्नुपर्छ । तत्काले यात्रा गर्नेहरूले (अर्थात. चार हप्ता भित्र), प्रस्थान गर्ने समयसम्म कम्तिमा पनि पोलियो खोपको एक डोज लिनुपर्छ । जंगली पोलियो भाइरस प्रकार 1, cVDPV प्रकार 1 वा प्रकार 3 ले सङ्क्रमित भएका र अन्तर्राष्ट्रिय प्रसारको सम्भावित जोखिम भएका देशहरूले यस्ता यात्रीहरूलाई आफ्नो पोलियो खोपको रेकर्ड राख्न र खोपको प्रमाणको रूपमा काम गर्नको लागि खोप वा प्रोफिलैक्सिस (Prophylaxis) को अन्तर्राष्ट्रिय प्रमाणपत्र प्रदान गर्न सुनिश्चित गर्नुपर्छ ।

10 डिसेम्बर 2019
10 December 2019